JMC Research Journal
Volume 13, Issue 1, 2024
https://doi.org/10.3126/jmcrj.v13i1.73387

Article History: Received: 05 October 2024; Revised; 8 November 2024; Accepted 12 December 2024

# भवानी भिक्षुका कथामा पात्रविधान

**गुरुप्रसाद पोखरेल, पिएचडी**
पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौँ, नेपाल
Email: gurupokharel@gmail.com

**सार**

*प्रस्तुत लेखमा कथातत्त्वअन्तर्गत पात्रविधानका कोणबाट भवानी भिक्षुका मनोवैज्ञानिक र सामाजिक यथार्थवादी कथाको विश्लेषण गरिएको छ । यसमा सर्वेक्षण, सूक्ष्म पठन तथा पाठ विश्लेषणको विधि प्रयोग गरी विश्लेषणात्मक विधिमार्फत् निष्कर्ष प्रस्तुत गरिएको छ । नारी, पुरुष, विभिन्न उमेर तथा स्तरका पात्रहरूको मानसिक, व्यावहारिक तथा क्रियाकलापगत आवेग र संवेग तथा मनस्थिति प्रस्तुत गरिएको यिनका कथामा मूलतः मनोविज्ञानका विविध रूप र सामाजिक समस्याका विविध स्वरूपलाई केलाइएको छ । भिक्षुका मनोवैज्ञानिक यथार्थवादी र सामाजिक यथार्थवादी कथाहरू विविध विषय परिधिमा केन्द्रित रहेका छन् । उनका मनोवैज्ञानिक यथार्थवादी कथाहरू नारी यौन, पुरुष यौन, नारी सामान्य, पुरुष सामान्य, नारी वात्सल्य प्रेम तथा बालमनोविज्ञानमा आधारित छन् भने सामाजिक यथार्थवादी कथाहरू सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक तथा पारिवारिक समस्यामा केन्द्रित छन् । वर्गीय पात्रका माध्यमबाट नारी तथा पुरुष मनका उद्वेलन तथा अचेतन मानसिकतालाई व्यक्त गरिएका यिनका कथामा गतिशील, स्थिर, अनुकूल, प्रतिकूल, वर्गीय, मञ्चीय, मुक्त तथा बद्ध जस्ता पात्रका सबै रूपको प्रस्तुति रहेको छ । उनका कथामा व्यक्तिगत तथा वर्गीय पात्रका माध्यमबाट नेपाली राजनीति, समाज, इतिहास, अर्थव्यवस्थाका कारणले सिर्जना गरेका सामाजिक समस्याहरूलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जीः** कथातत्त्व, पात्रविधान, जीवनचेतना, आसन्नता, आबद्धता

## विषय परिचय

भवानी भिक्षु (१९६६-२०३८) आधुनिक नेपाली साहित्यका एक सशक्त प्रतिभा हुन् । साहित्यका विविध क्षेत्रमा कलम चलाएका उनको गद्याख्यानतिरको सर्वाधिक प्राप्तिपूर्ण फाँट कथा हो । उनका गुनकेशरी (२०१७), मैयाँसाहेब (२०१७), आवर्त (२०२४), अवान्तर (२०३४) गरी चार ओटा कथा सङ्ग्रह प्रकाशित

भएका छन् । आधुनिक नेपाली कथा परम्परामा भिक्षु एक कुशल कथा शिल्पीका रूपमा प्रख्यात छन् । उनका कथाको आधार घटना होइन अनुभूति तथा भावात्मकता हो । पात्रका मनोरचनाको स्पष्ट अभिव्यक्ति उनका कथामा पाइन्छ । आन्तरिक जीवनको अन्तर्निरीक्षण गर्नु र यौन चेतनाको गहिराइको मापन ठीकठीक तवरले गर्नु नै यिनको कथाकारिताको मुख्य प्रवृत्ति हो । प्रस्तुत लेखमा भिक्षुका सामाजिक तथा मनोवैज्ञानिक यथार्थवादी दुवै प्रकारका कथालाई समेट्ने गरी तीन वटा कथा छनोट गरी तिनको पात्रविधानका आधारमा विश्लेषण गरिएको छ । ती कथाहरू हुन्: गुनकेसरी कथा सङ्ग्रहबाट ‘त्यो फेरि फर्कला ?’, आवर्त कथा सङ् ग्रहबाट ‘सावित्रीको बाखो’ र अवान्तर कथा सङ्ग्रहबाट ‘नयाँ इतिहासको प्रारम्भ’ ।

पात्र भन्नाले कृतिमा प्रयोग भएका व्यक्ति, पात्र वा चरित्र भन्ने बुझिन्छ (लुइटेल, २०६२: ३०३) । लुइटेलले पात्रलाई सहभागीका रूपमा चिनाएका छन् । कथा आख्यानात्मक विधा भएकाले पात्रबिना कथाको कल्पना गर्न सकिंदैन । यस प्रकार कथामा पात्रको सङ्ख्या घटीबढी भए पनि तिनको उपस्थितिचाहिँ अनिवार्य हुन्छ । कथाको एक महत्वपूर्ण तत्व सहभागीको भूमिका कृतिमा वक्ता-श्रोता, प्रेषक-प्रापक आदिका रूपमा रहेको हुन्छ (लुइटेल, २०६२: ३०४) । कथामा पात्र जेजस्तो भूमिकामा उपस्थित भए पनि तिनीहरूका विभेदक अभिलक्षणहरू प्रस्तुत गरिन्छ र यही विभेदक अभिलक्षणहरूका आधारमा कथाका पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव जीवनचेतना, आसन्नता, आबद्धता आदिका आधारमा प्रकारगत वर्गीकरण गरिन्छ । यस अध्ययनमा भिक्षुका कथामा पात्रको सहभागिताको अवस्था र प्रस्तुतिलाई प्रस्तुत गरिएको छ । कथामा कति पात्र राख्ने, पात्रलाई कस्तो भूमिका दिने, पात्रलाई कस्तो चरित्र दिने, कति स्थान दिने, कुन पात्रलाई कुन लिङ्ग, जाति वर्गबाट चिनाउने कुन पात्रलाई सोझै कथाको मुख्य पात्रका रूपमा उपस्थित गराउने, कुन पात्रलाई सूचना मात्र दिएर पर्दाभित्र राख्ने आदि कुराको उचित प्रबन्ध हुन्छ, जसलाई पात्रविधान भनिन्छ । लिङ्ग, उमेर आदि दृष्टिले ती पात्रका चरित्रको जे जस्तो विधान कथाकारले गरेको हुन्छ, त्यसैलाई नै सम्बन्धित कथाको पात्रविधान भनिन्छ (अवस्थी, २०६५: ७) । विभिन्न तरिकाबाट पात्रहरूको उचित व्यवस्थापन गर्दै कथाकारले कथामा पात्रको उपस्थिति गर्दछ । कथाका चरित्रहरू एकअर्काका सापेक्षतामा कस्ता विशेषता लिएर कृतिमा आएका छन् भन्ने कुरालाई पात्रहरूले गर्ने कार्यका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

## अध्ययनको समस्या र उद्देश्य

विश्लेषणका विभिन्न आधारहरूमध्ये संरचनावादअन्तर्गत पात्रसम्बन्धी सैद्धान्तिक अवधारणाका आधारमा भवानी भिक्षुका सामाजिक र मजोवैज्ञानिक यथार्थवादी कथामा केकस्ता पात्रको प्रयोग छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत अध्ययनको मुख्य समस्या हो भने भिक्षुका सामाजिक तथा मनोवैज्ञानिक यथार्थवादी कथामा प्रयुक्त पात्रको चरित्रको खोजी तथा विश्लेषण गर्नु प्रस्तुत अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन कार्यमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन र अध्ययनका लागि प्रयोग गरिएका सामग्री विश्लेषण विधिको छुट्टाछुट्टै तल चर्चा गरिएको छः

### सामग्री सङ्कलन कार्य

प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले यसका लागि आवश्यक पर्ने आधारभूत तथा सहायक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ। सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन्। भिक्षुका गुनकेशरी (२०१७), मैयाँसाहेब (२०१७), आवर्त (२०२४) र अवान्तर (२०३४) कथा सङ्ग्रहमा सङ्कलित जम्मा ४६ ओटा कथामध्ये सामाजिक र मनोवैज्ञानिक यथार्थवादी दुवै धारलाई समेट्ने गरी उद्देश्यमूलक छनोट गरी तीनवटा कथामा प्रयुक्त पात्रको खोजी गरिएको छ। ती कथाहरू हुन्: 'त्यो फेरि फर्कला ?', 'सावित्रीको बाखो' र 'नयाँ इतिहासको प्रारम्भ'। उक्त कथाहरू यस अध्ययनका लागि प्राथमिक वा मूल सामग्री हुन्। भिक्षुका उल्लिखित कथाहरुको अध्ययन गरी उक्त कथाहरूमा सहभागीको योजना केकस्तो छ भन्ने कुरामा मात्र यो अध्ययन केन्द्रित रहेको छ। त्यसै गरी यस अध्ययनका समस्यासँग सम्बद्ध राख्ने पात्रसम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत भएका पुस्तक, लेख र भिक्षुका कृतिबारे गरिएका शोधप्रबन्ध, शोधपत्र जस्ता पूर्वकार्यलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ।

### सामग्री विश्लेषणको ढाँचा र सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि भिक्षुका सामाजिक र मनोवैज्ञानिक कथालाई मुख्य आधार बनाइएको छ। सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि मुख्य आधार चाहिँ कथा सिद्धान्तअन्तर्गतको पात्रविधानलाई बनाइएको छ। यस मान्यताले कथा आख्यानात्मक विधा भएकाले पात्रबिना कथाको कल्पना गर्न नसकिने र त्यसको वस्तुपरक एवम् वैज्ञानिक ढङ्गले अध्ययन गरिनु पर्दछ भन्ने मान्यता राख्दछ। प्रस्तुत अध्ययनमा भिक्षुका कथाको विस्तृत, सघन एवम् सूक्ष्म पठन गरी मूल समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ। यसरी पात्रसम्बन्धी मान्यतामा आधारित भई सामग्रीको विश्लेषण गरिने हुनाले यस अध्ययनमा ज्ञान प्रतिपादन निगमनात्मक विधिबाट निर्दिष्ट रहेको छ भने यसमा सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा आंशिक रूपमा आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ। नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी स्थापित सिद्धान्तको प्रयोगद्वारा सामग्रीको विश्लेषण गरिएको छ। भिक्षुका कथाको पात्रविधानका कोणबाट वस्तुपरक ढङ्गले अध्ययन एवम् विश्लेषण गरिएको हुनाले यो अध्ययन गुणात्मक प्रकृतिको छ। यस अध्ययनमा निर्णयात्मक, व्याख्यात्मक जस्ता विधिको आंशिक प्रयोग गरिएको भए तापनि मूलतः विश्लेषणात्मक विधिमार्फत् सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको छ।

कथाका विभिन्न तत्वहरूमध्ये पात्र एक महत्वपूर्ण तत्व हो। पात्रले नै कथालाई ऊर्जा दिने भएकाले यो तत्वविना कथाको संरचनाको कल्पना नै गर्न सकिंदैन। साहित्यका सन्दर्भमा नाटकमा अभिनय गर्ने व्यक्ति, अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ

उपयुक्त देखिन्छ । पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिको स्वभाव, प्रकृति, आदत, व्यवहार र चालचलन भन्ने बुझिन्छ । वस्तुतः कथामा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ जो नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् र यसै अभिलक्षणका कारण तिनलाई चरित्र भनिन्छ (शर्मा, २०५५: ३९५) । चरित्र त्यो माध्यम हो, जसको आधारमा कुनै घटनाको कल्पना गरी यथार्थको प्रस्तुतीकरणको प्रयास गरिन्छ । पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणलाई क्रमवद्धता प्रदान गर्ने एक आवश्यक माध्यम हो (उपाध्याय, २०४९: १४९) । यसरी आख्यानका विभिन्न घटना, उप-घटनासँग सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ, जसले कथामा सम्पूर्ण घटना संचालन गरी कथालाई गति दिने कार्य गर्दछ । पात्र वा चरित्रका क्रियाकलापबाट नै कथाले आफ्नो स्वरूप प्राप्त गर्दछ । कथानकको गतिको संवाहक पनि पात्र नै हो । पात्रविना कथानकको कल्पना नै गर्न सकिंदैन, कथा बन्नका लागि गतिशील पात्र हुनु अनिवार्य छ । कथानकले इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकाश पार्दछ । त्यसैले पात्रलाई जीवन्तता प्रदान गर्ने आधार कथानक हो । पात्रका माध्यमबाट घटना घट्ने र घटनाहरूले नै चरित्रको विश्लेषण वा चित्रण गर्ने हुँदा दुवैलाई आख्यानको अभिभाज्य तत्व मानिन्छ ।

कथामा प्रयोग गरिने पात्रहरू विभिन्न प्रकारका हुन्छन् । पात्र मानवीय जीवनका अनुकरण भएकाले मान्छे जति किसिमका हुन्छन्, पात्र पनि त्यति नै किसिमका हुन सक्छन् । सकारात्मक भूमिका निर्वाह गरेर पाठकको सहानुभूति प्राप्त गर्ने पात्र असल हुन् भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने खराब हुन् । कथानकसँग जुन पात्रको मूल र प्रत्यक्ष सम्बन्ध छ, ती प्रधान पात्र हुन् भने जुन पात्र प्रधान पात्रलाई मद्दत गर्न सहायक कथाको सिद्धिका लागि उपस्थित हुन्छन्, ती गौण पात्र हुन् । पारम्परिक संस्कारजन्य हुने, आदिदेखि अन्तसम्म एउटै ढर्रामा रहने र जीवनका परिवर्तनशील परिस्थितिमा पनि कुनै परिवर्तन नआउने चरित्रहरू स्थिर र परिवर्तित हुँदै जाने, अनेक उत्थान पतन आइरहने र अनेक मोडमा पुग्दै घुम्दै निरन्तर अघि बढ्ने पात्र गतिशील हुन्छन् (न्यौपाने, २०३८: १९०-१९२) । व्यक्तिप्रधान चरित्रमा व्यक्तिको प्रधानता हुन्छ । यस प्रकारको चरित्रमा व्यक्तिको अदम्य इच्छा र आकांक्षा प्रतिविम्बित हुन्छ । कुनै समाज, वर्ग वा समुदायको प्रतिनिधि पात्रको रूपमा व्यक्तिले आफूलाई उभ्याएको छ भने त्यो प्रतिनिधि पात्र हो । आफ्ना मनका भावना, चाहना विशेषतः आफैँ नै राखेर स्पष्ट रूपमा अन्यसँग साटासाट गर्न नचाहने, सांसारिक भीडबाट परै बस्न चाहने पात्र अन्तर्मुखी पात्र हुन्, तर बहिर्मुखी पात्रहरू भने मनका चाहना, भावना अरूमाझ पोखिहाल्ने, सधैं सम्पर्कमा रहने हुन्छन् (बराल, २०६३: ३४) । जीवनलाई आफ्नै संरचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । अर्कातिर बहिर्मुखी पात्रको स्वभावचाहिँ आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुँदा आशावादी हुन्छ ।

कथाको स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन्, जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्गबिना कथाको संरचना नै कल्पना गर्न सकिंदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र (चाहे मानव होस् अथवा चाहे मानवेतर) भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी सयन्त्रको परिचालन गर्दा

चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ (श्रेष्ठ, २०५८: १०) । यसका लागि प्रत्यक्ष वा नाटकीयमध्ये कुनै पनि वा दुवै विधिलाई प्रयोग गर्ने गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्दछ । मूलतः पात्रको छविलाई शब्दचित्रको रूप दिनु नै चरित्रचित्रण हो । कथावस्तुको यो आवश्यकीय अंश हो (श्रेष्ठ, २०६६: ३८) । यसरी कथामा विभिन्न पात्रहरूलाई कुशल ढङ्गले व्यवस्थित गरिएको हुन्छ ।

कथामा कति पात्र राख्ने, पात्रलाई कस्तो भूमिका दिने, पात्रलाई कस्तो चरित्र दिने, कति स्थान दिने, कुन पात्रलाई कुन लिङ्ग, जाति वर्गबाट चिनाउने, कुन पात्रलाई सोझै कथाको मुख्य पात्रका रूपमा उपस्थित गराउने, कुन पात्रलाई सूचना मात्र दिएर पर्दाभित्र राख्ने आदि कुराको उचित प्रबन्ध हुन्छ, जसलाई पात्रविधान भनिन्छ । लिङ्ग, उमेर आदि दृष्टिले ती पात्रका चरित्रको जे जस्तो विधान कथाकारले गरेको हुन्छ, त्यसैलाई नै सम्बन्धित कथाको पात्रविधान भनिन्छ (अवस्थी, २०६५: ७) । विभिन्न तरिकाबाट पात्रहरूको उचित व्यवस्थापन गर्दै कथाकारले कथामा पात्रको उपस्थिति गर्दछ । यसरी कथामा घटनाका मानवीय र मानवेतर कथामा कथाकारले प्रस्तुत गरेका विभिन्न उपस्थितिले पात्र कस्तो चरित्रका छन् भन्ने चर्चा गरिएको देखिन्छ । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा पात्रको विश्लेषण गरिन्छ । लिङ्गका आधारमा पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् । पात्रहरूको शारीरिक जात छुट्याउने आधार नै लिङ्ग हो । आख्यानमा पात्रहरूको छनोट गर्दा स्त्री पात्र र पुरुष दुवैको चयन गरिन्छ (शर्मा, २०६६: १२४-१२५) । यसरी पात्र स्त्री र पुरुष गरी दुई प्रकारका हुन्छन् ।

कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गमा विभाजन गरिन्छ । कथाको अन्त्यमा हुने परिणाम जसले भोग्दछ त्यही पात्र कथाको मुख्य पात्र हो । कथामा मुख्य पात्र भन्दा कम महत्वपूर्ण तर कथाको मूल घटनालाई सहयोग गर्ने पात्र हुन्छन्, ती पात्र सहायक पात्र हुन् । (शर्मा, २०४८: ११५) । यी पात्रले कथानकको विकासमा सहयोगी भूमिका खेल्दछन् । कथाको घटनासँग कहीँ कतै जोडिएका तर त्यस्तो खास भूमिका नभएका पात्र कथाका गौण पात्रअन्तर्गत पर्दछन् । प्रवृत्तिका आधारमा कथाका पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गरिन्छ । आफ्नो समाजको संस्कारलाई पालना गर्ने, समाज व्यवस्थापनलाई प्रवृत्तिका आधारमा कथामा सबै पात्रको एकै प्रकारको भूमिका हुँदैन पात्र प्रयुक्त पात्र जुन सज्जन, सत् वा सदाचारी हुन्छ त्यसलाई अनुकूल पात्र भनिन्छ । प्रतिकूल पात्र फटाहा, अमानवीय, अन्यायी, कुटिल, अर्कालाई दुःख दिने प्रवृत्तिको हुन्छ (शर्मा, २०४८: ११५) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत् हुन्छ ।

स्वभावका आधारमा कथाको पात्रलाई गतिहीन र गतिशील गरी दुई प्रकारमा छन् । कथामा कुनै पात्रको विचार, व्यवहार, चरित्र सुरुदेखि अन्त्यसम्म एउटै प्रकारको हुन्छ । त्यस्ता पात्रलाई गतिहीन पात्र भनिन्छ । यसरी कुनै घटना नयाँ परिस्थितिका कारण आफ्नो चरित्रमा परिवर्तन ल्याउने पात्र गतिशील पात्र

हुन् भने आदिदेखि अन्त्यसम्म चरित्रमा परिवर्तन नआउने पात्र गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । समाजमा रहेका अन्य मानिसको जस्तै कार्य गर्ने वर्गीय पात्र हो भने आफ्नै इच्छाअनुसार फरक कार्य गर्ने पात्र व्यक्तिगत पात्र हो । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ । आसन्नताका आधारमा कथामा नेपथ्य पात्रको परोक्ष वर्णन र उपस्थिति हुन्छ भने मञ्चीय पात्रले प्रत्यक्ष कार्य गर्दछ । कथामा नेपथ्य पात्रको उपस्थिति मात्र हुन्छ । उनीहरूको भूमिका कथामा कम हुन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ (शर्मा, २०४८: २७१) । आबद्धताका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल हुँदैन । यस लेखमा मोहनराज शर्माले प्रस्तुत गरेको संरचनावादी सिद्धान्तका आधारमा भिक्षुका कथाको संरचनात्मक विश्लेषण गरिएको छ ।

## त्यो फेरि फर्कला ? कथामा पात्रहरू र सहभागिता

भवानी भिक्षुको गुनकेसरी (२०१७) कथा सङ्ग्रहमा सङ्कलित 'त्यो फेरि फर्कला ?' शीर्षकको कथा नारी यौनमनोवैज्ञानिक कथा हो । यस कथामा सानी, यात्री, सानीकी आमा, भरिया, सानीको लोग्ने आदि पात्रहरूको सहभागिता रहेको छ । यी सबैको भूमिका समान नभएर पृथक् पृथक् खालको छ । यसमा प्रयुक्त पात्रहरूको सहभागितालाई तल छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

**त्यो फेरि फर्कला ? कथाका पात्रहरूको चारित्रिक विभेदक अभिलक्षण**

| अभिलक्षण | सानी | यात्री | सानीकी आमा | भरिया | सानीको लोग्ने |
|---|---|---|---|---|---|
| १. प्रौढ | - | - | + | + | - |
| २. युवा | + | + | - | - | + |
| ३. सत् | + | + | + | + | + |
| ४. स्वार्थी | - | + | - | - | - |
| ५. सहनशील | + | - | + | + | + |
| ६. शुश्रूषु | + | - | - | + | - |
| ७. विरही/मायालु | + | - | - | - | - |
| ८. अक्षम | - | - | - | - | - |
| ९. रुढिवादी | - | - | + | + | - |
| १०. जिम्मेवार | + | + | + | + | + |

माथिको तथ्याङ्कका आधारमा हेर्दा यस कथाकी प्रमुख पात्र सानी सहनशील, विरही, मायालु, जिम्मेवार र सत् चरित्रयुक्त युवतीका रूपमा देखा पर्छे भने यात्री माया नगर्ने स्वार्थी युवकका रूपमा देखा पर्छ । सानीकी आमा र भरिया जिम्मेवार प्रौढ पात्र हुन् । सानीको लोग्ने पनि सत्‌गुणी युवक हो । यसरी हेर्दा यो कृति विभिन्न अभिलक्षण भएका पात्रहरूको प्रयोग गरिएको संरचनाका रूपमा देखा पर्छ ।

**त्यो फेरि फर्कला ? कथाका पात्रहरूको प्रकार र सहभागिता**

| आधार | पात्रको प्रकार | सानी | यात्री | सानीकी आमा | भरिया | सानीको लोग्ने |
|---|---|---|---|---|---|---|
| लिङ्ग | स्त्री | + | - | + | - | - |
| | पुरुष | - | + | - | + | + |
| कार्य | प्रमुख | + | + | - | - | - |
| | सहायक | - | - | + | + | - |
| | गौण | - | - | - | - | + |
| प्रवृत्ति | अनुकूल | + | + | + | + | + |
| | प्रतिकूल | - | - | - | - | - |
| स्वभाव | गतिशील | - | + | - | - | - |
| | स्थिर | + | - | + | + | + |
| जीवनचेतना | वर्गीय | + | + | + | + | + |
| | व्यक्ति | - | - | - | - | - |
| आसन्नता | मञ्च | + | + | + | + | + |
| | नेपथ्य | - | - | - | - | + |
| आबद्धता | बुद्ध | + | + | + | + | + |
| | मुक्त | - | - | - | - | - |

माथिको तथ्याङ्कका आधारमा हेर्दा यस कथामा प्रयुक्त पात्रहरूमध्ये सानी र सानीकी आमा स्त्री पात्र र यात्री तथा भरिया र सानीको लोग्ने पुरुष पात्र हुन् । यिनमा सानी र यात्री प्रमुख पात्रका रूपमा रहेका छन् भने सानीको लोग्ने गौण पात्रका रूपमा रहेको छ । त्यसै गरी सानीकी आमा र भरियाचाहिँ सहायक पात्रका रूपमा उपस्थित छन् । यस कथाका सबै पात्रहरू अनुकूल हुन् । यसमा प्रयुक्त सानी र यात्री गतिशील पात्रहरू हुन् भने बाँकी स्थिर पात्र हुन् । यस कथाका सबै पात्रहरू वर्गीय र बद्ध पात्रका रूपमा देखा परेका छन् भने सानीको लोग्नेचाहिँ नेपथ्य पात्रका रूपमा छ भने अरू मञ्चीय रूपमा आएका छन् । समग्रतः यस कथाका सबै पात्रहरू अनेक प्रकारका देखिन्छन् ।

यस प्रकार पात्र र सहभागिताका दृष्टिले स्वल्प सहभार्गीय संरचनाका रूपमा देखा पर्ने प्रस्तुत कथाकृतिमा पात्रहरूको सहभागितालाई सहज, स्वाभाविक र विश्वसनीय ढङ्गले चित्रण गरिएको छ ।

## सावित्रीको बाख्रो कथामा पात्रहरू र सहभागिता

भवानी भिक्षुको आवर्त (२०२४) कथा सङ्ग्रहमा सङ्गृहीत 'सावित्रीको बाख्रो' कथामा नारी हृदयभित्र ममतामयी वात्सल्य प्रेम कति तीव्र हुन्छ भन्ने कुरालाई देखाइएको छ । यस कथामा सावित्री, म, केदारकी आमा, बाख्रो लगायतका पात्रहरूको सहभागिता रहेको देखिन्छ । यी सबै पात्रहरूको कार्य तथा भूमिका कथामा एकैनासको नभएर पृथक्पृथक् खालको रहेको देखिन्छ । यस कथामा प्रयुक्त पात्रहरूको सहभागितालाई यहाँ छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

### सावित्रीको बाख्रो कथाका पात्रहरूको चारित्रिक विभेदक अभिलक्षण

| अभिलक्षण | सावित्री | म | केदारकी आमा |
|---|---|---|---|
| १. प्रौढ | - | + | + |
| २. युवा | + | - | - |
| ३. मातृवत्सल | + | - | + |
| ४. कुण्ठित | + | + | |
| ५. स्वार्थी | - | + | |
| ६. सत् | + | + | |
| ७. विरही | + | - | |
| ८. शुश्रूषु | + | - | |
| ९. मायालु | + | - | |
| १०. दयालु | + | - | |
| ११. हठी | + | - | |
| १२. भावुक | + | + | |

यहाँ दिइएको तथ्य र तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस कथाकी मुख्य युवा पात्र सावित्री हठी स्वभाव भएकी मातृवत्सल नारी पात्रका रूपमा देखा पर्छे । माया खन्याउन नपाएकी ऊ कुण्ठित मनोदशाले ग्रस्त छे । 'म' पात्रको घरेलु काम गर्ने ऊ बाख्रोले सागपात र फलफूल खाइदिएको घटनाले दुःखित, उत्तेजित र विरही तथा भावुक भएकी छ। उसले माया गर्ने व्यक्ति कोही नपाउँदा एकातिर बाख्रोलाई माया गर्न सुरु गरेकी छ भने अर्कातिर उसले आफूलाई घरको मालिक्नी ठान्न थालेकी छ। उसमा मातृत्वको भावना तीव्र रूपमा जागृत भएका कारण ऊ भरदिन बाख्रोकै रेखदेखमा क्रियाशील हुन्छे । यस कथाको

'म' प्रमुख पुरुष पात्र हो । ऊ सावित्रीलाई आफ्नो घरको रेखदेखमा लगाउने स्वार्थी पात्र हो । यस कथामा केदारकी आमाको खासै भूमिका देखिँदैन । ऊ आफ्नो बाख्रो लिएर गएकी छे ।

**सावित्रीको बाख्रो कथाका पात्रहरूको प्रकार र सहभागिता**

| आधार | सहभागी/प्रकार | सावित्री | म | केदारकी आमा |
|---|---|---|---|---|
| लिङ्ग | स्त्री | + | - | + |
| | पुरुष | - | + | - |
| कार्य | प्रमुख | + | - | - |
| | सहायक | - | + | - |
| | गौण | - | - | + |
| प्रवृत्ति | अनुकूल | + | - | |
| | प्रतिकूल | - | + | |
| स्वभाव | गतिशील | - | + | |
| | स्थिर | + | - | |
| जीवनचेतना | वर्गीय | - | + | |
| | व्यक्ति | + | - | |
| आसन्नता | मञ्च | + | + | |
| | नेपथ्य | - | - | |
| आबद्धता | बुद्ध | + | + | |
| | मुक्त | - | - | |

यहाँ दिइएको तथ्याङ्कलाई विश्लेषण गर्दा यस कथामा प्रयोग गरिएका पात्रहरूमध्ये सावित्री मुख्य स्त्री पात्र हो । ऊ व्यथित र आक्रोशपूर्ण मानसिकता लिएर बाँचेकी छ । ऊ माया गर्ने मान्छे नपाउनाले क्रोधित र व्यथित भएकी हो । व्यवहारमा परिवर्तनशीलता देखिएको हुँदा ऊ गतिशील पात्र हो । उसमा सबै नोकर्नीमा नहुने अनौठो स्वभावको विकास भएको हुँदा ऊ व्यक्तिगत पात्र हो । उसले आफूलाई मालिक्नी ठान्नु, 'म' ले बाख्रो धनीलाई फिर्ता गर्दा अनौठो व्यवहार प्रदर्शन गर्नु, 'म' लाई भन्दा बाख्रोलाई बढी वास्ता गर्नु जस्ता लक्षणहरू उसका व्यक्तिगत हुन् । उसको उपस्थिति कथामा प्रत्यक्ष छ, तसर्थ ऊ मञ्चीय पात्र हो । कथा संरचनामा उसको भूमिका महत्वपूर्ण रहेकाले ऊ बद्ध पात्र हो । यस कथाको 'म' प्रमुख पुरुष पात्र हो । घरमालिक उसले सावित्रीलाई घरेलु कामदारका रूपमा राखेको छ । सावित्रीबाट माया पाउन लालायित ऊ सावित्रीले बाख्रोलाई ध्यान दिँदा रिसाउँछ । कथामा सहायक भूमिकामा रहेको ऊ एउटी एक्ली नारीलाई घरेलु कामदार बनाउने प्रतिकूल पात्र हो । उसको स्वभावमा कुनै परिवर्तन नआएकाले स्थिर पात्रका रूपमा

देखिने ऊ मञ्चीय र बद्ध पात्र हो । घरेलु कामदार राख्ने मालिक्याइँको प्रतिनिधित्व गरेको हुँदा 'म' वर्गीय पात्र हो । यहाँ आएकी बाख्रो मालिक्नीको कथामा खास भूमिका छैन । ऊ गौण चरित्र हो । बाख्रो लिन आउँदा सावित्रीसँग बाझ्न सिपालु ऊ लापरवाही तवरले पशु छाडेर अर्कालाई दुःख दिने पात्र हो ।

## नयाँ इतिहासको प्रारम्भ कथामा पात्रहरू र सहभागिता

भिक्षुकृत अवान्तर (२०३४) कथा सङ्ग्रहमा सङ्गृहीत 'नयाँ इतिहासको प्रारम्भ' कथाले २००७ सालको सेरोफेरोलाई प्रस्तुत गर्दै सामाजिक तथा राजनीतिक अपराधलाई मुख्य विषयवस्तु बनाएको देखिन्छ । प्रस्तुत कथामा प्रभा, प्रभाको लोग्ने, प्रभाका दाजुभाइ, बुबा, विश्वेश्वर, कांग्रेसी पल्टनहरू लगायतका पात्रहरूको सहभागिता रहेको देखिन्छ । यी सबै पात्रहरूको कार्य तथा भूमिका कथामा एकैनासको नभएर पृथक्पृथक् खालको रहेको पाइन्छ । यस कथामा प्रयुक्त पात्रहरूको सहभागितालाई यहाँ छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छः

### नयाँ इतिहासको प्रारम्भ कथाका पात्रहरूको चारित्रिक विभेदक अभिलक्षण

| अभिलक्षण | प्रभा | प्रभाको पति | प्रभाका दाजुभाइ | बुबा | छोरा |
|---|---|---|---|---|---|
| १. बालक | - | - | - | - | + |
| २. युवा | + | + | + | - | - |
| ३. प्रौढ | - | - | - | + | - |
| ४. सत् | + | + | - | + | + |
| ५. स्वार्थी | - | - | - | - | - |
| ६. सहनशील | + | + | + | + | - |
| ७. पलायनवादी | + | - | + | + | - |
| ८. विद्रोही | + | - | - | - | - |
| ९. सुधारवादी | + | - | - | - | - |
| १०. मर्यादित | + | + | + | + | + |
| ११. क्रान्तिकारी | + | - | - | - | - |
| १२. सहनशील | + | + | + | + | - |
| १३. समझदार | + | + | + | + | - |
| १४. स्वाभिमानी | + | + | - | + | - |
| १५. दृढ | + | + | - | - | - |
| १६. विधवा | + | - | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७. हठी | + | - | | - | - | - |
| १८. उत्तरदायी | + | + | | - | - | - |
| १९. जिम्मेवार | + | + | | + | - | - |
| २०. ममतामयी | + | + | | + | + | + |

यहाँ दिइएको तथ्य र तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस कथाकी मुख्य युवा पात्र प्रभा सहनशील, समझदार, स्वाभिमानी, उत्तरदायी तथा जिम्मेवार र हठी चरित्रका रूपमा देखिन्छे । राजनैतिक चेतना भएकी जागिरे घरानाकी भावशील नवयुवती प्रभाले विश्वेश्वरप्रति असीम श्रद्धा र भक्तिभावना राखेकी छ । प्रभा स्वतन्त्रता चाहने राष्ट्रवादी पात्रका रूपमा देखिन्छे । उसले बाबु र दाजुको जागिर जाने खतरालाई कुनै वास्ता नगरी राष्ट्रले मुक्ति पाउनु पर्ने कुरालाई बढी महत्व दिएको देखिन्छ । प्रभाको पति, उसका दाजुभाइ, छोरो तथा बुबाआमाको कथासन्दर्भमा खासै भूमिका देखिँदैन । विश्वेश्वर तथा कांग्रेसी पल्टनहरू कथा सन्दर्भमा आएका वर्णित पात्रहरू हुन् ।

**नयाँ इतिहासको प्रारम्भ कथाका पात्रहरूको प्रकार र सहभागिता**

| आधार | सहभागी/प्रकार | प्रभा | प्रभाको पति | दाजुभाइ | बाबु | छोरो |
|---|---|---|---|---|---|---|
| लिङ्ग | स्त्री | + | - | - | - | - |
| | पुरुष | - | + | + | + | + |
| कार्य | प्रमुख | + | + | - | - | - |
| | सहायक | - | - | - | - | - |
| | गौण | - | - | + | + | + |
| प्रवृत्ति | अनुकूल | + | + | - | - | + |
| | प्रतिकूल | - | - | + | + | - |
| स्वभाव | गतिशील | - | + | + | + | - |
| | स्थिर | + | - | - | - | + |
| जीवनचेतना | वर्गीय | + | + | + | + | + |
| | व्यक्ति | - | - | - | - | - |
| आसन्नता | मञ्च | + | + | - | - | - |
| | नेपथ्य | - | - | + | + | + |
| आबद्धता | बुद्ध | + | + | - | - | - |
| | मुक्त | - | - | + | + | + |

माथि दिइएको तथ्याङ्कलाई विश्लेषण गर्दा यस कथामा प्रयोग गरिएका पात्रहरूमध्ये प्रभा मुख्य स्त्री पात्र हो । प्रजातन्त्रको पहिलो उपहारका रूपमा वैधव्य जीवन प्राप्त गरेकी प्रभा स्वतन्त्रताका लागि लड्ने महिला सेनानी हो । प्रभा अनुकूल नारी पात्र हो । स्वतन्त्रता र प्रजातन्त्रका लागि पुलिसको पिटाइ खाँदा पनि स्वतन्त्रताप्रतिको मोह भङ्ग नहुनु, नागरिक हक अधिकारप्रति सचेत रहनु, व्यक्तिगत स्वार्थलाई भन्दा राष्ट्रिय स्वार्थलाई महत्व दिनु, लुटेराहरूलाई दण्ड दिने चाहना राख्नु जस्ता गुणका आधारमा ऊ अनुकूल पात्र हो । प्रजातन्त्र प्राप्तिको लडाइमा कुटाइ खाने ऊ वर्गीय पात्र हो । कथाको आरम्भदेखि नै प्रजातान्त्रिक मूल्य र मान्यताप्रति समर्पित प्रभा स्थिर पात्र हो । प्रजातन्त्रले जनतामा सुख र समृद्धि ल्याउँछ भन्ने सोच राख्ने ऊ त्यसअनुसार नहुँदा निराश बनेकी पात्र हो । कथामा उसको प्रत्यक्ष उपस्थिति भएकाले तथा कथा संरचनामा उसको भूमिका उल्लेख्य भएको हुँदा ऊ मञ्चीय तथा बद्ध चरित्रका रूपमा देखापर्छे । यस कथामा आएका प्रभाको पति सहायक पात्र हो भने उसको बाबु तथा छोरो तथा अन्य कांग्रेसीहरू गौण भूमिकामा आएका पात्रहरू हुन् । उनीहरू यहाँ नेपत्थीय र मुक्त भूमिकामा आएका छन् ।

यसरी पात्र र सहभागिताका दृष्टिले स्वल्पसहभार्गीय संरचनाका रूपमा रहेको प्रस्तुत रचनामा पात्रहरूको सहभागितालाई सहज, स्वाभाविक, जीवन्त र विश्वसनीय ढङ्गले चित्रण गरिएको पाइन्छ

## उपसंहार

भिक्षुका कथाहरू मनोवैज्ञानिक, यथार्थवादी र सामाजिक यथार्थवादी विषय परिधिमा केन्द्रित रहेका छन् । भिक्षुका कथामा नारी, पुरुष विभिन्न उमेर तथा स्तरका पात्रहरूको मानसिक, व्यावहारिक तथा क्रियाकलापगत आवेग र संवेग तथा मनस्थिति प्रस्तुत गरिएको छ। 'त्यो फेरि फर्कला ?' कथामा मुख्य पात्र सानीले यात्री फेरि आउँछ कि आउँदैन भन्ने आसमा जीवन बिताएकी छ। जीवनभर समर्पणको भाव लिएर एकोहोरो प्रेम गर्दा पनि यात्रीले सानीको मन बुझ्न सकेको छैन । यसमा वर्गीय पात्रका माध्यमबाट नारीका प्रेममय मनोभावना तथा प्रतीक्षाका घडीलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ। नारी मनका उद्वेलन तथा अचेतन मानसिकतालाई व्यक्त गरिएको वात्सल्यपरक मनोवैज्ञानिक 'सावित्रीको बाखो' कथामा स्नेहाधार खोजिरहेकी सावित्रीका अन्तर्मनका भावनाहरूलाई केलाइएको छ । प्रमुख स्त्री पात्र सावित्री 'म' को घरेलु कामदारका रूपमा भात पकाउने र घरको रेखदेख गरेर बसेकी नोकर्नी हो । माया गर्ने कोही नपाउँदा ऊ पशुप्रति आकर्षित भएर माया खन्याउने हो । 'नयाँ इतिहासको प्रारम्भ' कथामा वर्गीय पात्रका माध्यमबाट नेपाली राजनीतिको ऐतिहासिक पाटो र त्यसले सिर्जना गरेका सामाजिक समस्याहरूलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । यस प्रकार भिक्षुका मनोवैज्ञानिक कथा नारी यौन/सामान्य, पुरुष यौन/सामान्य, प्रेम/वात्सल्यमय तथा बालमनोवैज्ञानिक र सामाजिक कथाहरू सामाजिक, आर्थिक, राजनैतिक, वैचारिक तथा पारिवारिक समस्याको उद्घाटनमा केन्द्रित रहेका छन् । उनका कथामा पुरुष पात्रहरू परम्परावादी सोचयुक्त रहेका छन् र महिलाहरूलाई खेलौना भोग्यवस्तु सम्झिने खालका छन् । स्त्री पात्रहरूचाहिँ सुरुमा पीडित भए पनि पछि समयसापेक्ष आफूलाई परिवर्तन गर्ने खालका रहेका छन् । उनका कथामा समाज सुधारको चाहना राख्ने, न्यायका लागि साथ दिने प्रयास गर्ने सामाजिक यथार्थवादी र मनोवैज्ञानिक दुवै चेतनायुक्त पात्र रहेका छन् ।

## सन्दर्भ सामग्री सूची

अवस्थी महादेव, सम्पा. (२०६५), *नेपाली कथा* भाग- २ (दो.संस्क.), ललितपुरः साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश* (पाँचौं संस्क), ललितपुरः साझा प्रकाशन ।

न्यौपाने, टंकप्रसाद (२०३८), *साहित्यको रूपरेखा,* काठमाडौंः साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३), *उपन्यासको सौन्दर्यशास्त्र* (दो.संस्क), काठमाडौंः साझा प्रकाशन ।

भिक्षु, भवानी (२०१७), *गुनकेशरी,* ललितपुरः साझा प्रकाशन ।

............. (२०१७), *मैयाँसाहेब,* ललितपुरः साझा प्रकाशन ।

............. (२०२४), *आवर्त,* ललितपुरः साझा प्रकाशन ।

............. (२०३४), *अवान्तर,* ललितपुरः साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना* सिद्धान्त र प्रयोग, काठमाडौंः नेराप्रप्र ।

.............. (२०५९), शैलीविज्ञान, (दो. संस्क), काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०५८), *नेपाली कथा* भाग -४, ललितपुरः साझा प्रकाशन ।

............. (२०६६), *अभिनव कथाशास्त्र,* काठमाडौंः पालुवा प्रकाशन ।